# श्री सर्वोच्च अदालत

## Generator, Offset printing press, single clamp perfect book binder, and Printing down instant start metal Helide plate exposures खरिद सम्बन्धि शिलवन्दि बोलपत्र/दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति ०६८।१०।१४

यस अदालतको लागि आवश्यक भएका तपसिल बमोजिमका सामानहरु वोलपत्र/दरभाउपत्र बाट खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले वोलपत्रको लागी ३० (तिस) दिन र दरभाउपत्रको लागि १५(पन्ध्र) दिन भित्र नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त इच्छुक उत्पादन कर्ता, सोल एजेण्ट तथा डिलर फर्महरुबाट वोलपत्र/दरभाउपत्र आब्हान गरिएको छ । टेक्निकल स्पेसिफिकेसन वोलपत्र/दरभाउपत्र फाराम साथ संलग्न छ । वोलपत्र/दरभाउपत्र फाराम फिर्ता नहुने गरि तपसिलमा उल्लेखित प्रत्येक प्याकेजको छुटटाछुटटै शुल्क तिरि नगदी रसिद साथ कारोबार दर्ता ,मुल्य अभिवृद्धि कर तथा आयकर दर्ता प्रमाण पत्र र आ.व. ०६७/६८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत राखी निवेदन पेश गरेमा यस अदालतको आर्थिक प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ । वोलपत्र फारामहरु ३० दिन / दरभाउपत्र १५ दिन भित्र खरिद गरि क्रमशः३१ औं /१६ औं दिनको १२ बजे सम्म दर्ता गरिसक्नु पर्नेछ । रित पुर्बक दर्ता हुन आएका बोलपत्रहरु/दरभाउपत्रहरु सोही दिन १४:०० बजे उपस्थित वोलपत्र/दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । वोलपत्र/दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि वोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन । कारणवस वोलपत्र/दरभाउपत्र बिक्रि गर्ने र दर्ता गर्ने वा खोल्ने दिन बिदा परेमा बिदापछि अड्डा खुलेको पहिलो दिनमा सोही समयमा क्रमशः गरिनेछ । वोलपत्र तथा दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु वोलपत्र/दरभाउपत्र फाराममा उल्लेख गरिएको छ ।

१. वोलपत्र/दरभाउपत्रदाताले दिने सामानको मूल्य मुल्य अभिवृद्धि कर बाहेक शिलबन्दी बोलपत्र तथा दरभाउपत्रमा अंक र अक्षरमा स्पष्ट लेखी बोलपत्र तथा दरभाउपत्र फारमको प्रत्येक पानामा वोलपत्र/दरभाउपत्रदाताको पदाधिकारीले सहिछाप गरी आवश्यक कागजात र धरौटी बापत तपशिलमा उल्लेखित रकम यस अदालतको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको धरौटी खाता नं.स.अ. १३१२११।०६८ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा वोलपत्र पेश गर्ने अन्तिम मिति वाट कम्तीमा १२० दिन म्याद भएको यस अदालतको पक्षमा जारी भएको मान्यता प्राप्त बैंकको विड वण्ड (बैंक जमानी पत्र) संलग्न गरी शिलवन्दी खाममा खामको बाहिरपट्टी पाउनेको ठेगानामा श्री सर्वोच्च अदालत, काठमाडौं आ.व. ०६८।०६९ को लागि सप्लाइ गर्ने सामानको ब्यहोरा सहित बोलपत्र फाराम र पेश गर्नेको ठेगानामा बोलपत्रदाताको नाम, ठेगाना तथा फोन नं. समेत उल्लेख गर्नु पर्नेछ ।

२. वोलपत्र/दरभाउपत्रदाता आधिकारिक सोल एजेण्ट तथा डिलर वोलपत्रदाताका सम्वन्धमा उत्पादनकर्ता वा प्रिन्सिपल कम्पनी आफैले एजेन्सी सम्वन्धि वा डिलरशीप सम्वन्धि आधिकारिक पत्र प्रदान गरेको हुनुपर्नेछ सो को प्रमाणित वा सक्कल पत्र वोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

३. वोलपत्र/दरभाउपत्र दाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न देहायका कागजपत्रहरुको प्रमाणित प्रतिलिपी वा सक्कल प्रति वोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

क. आ.व. ०६८/०६९ सम्म मान्य भएको फर्म दर्ता प्रमाणपत्र वा इजाजत पत्र

ख. VAT दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता( Pan number) प्रमाणपत्र

ग. आ.व. २०६७/०६८ सम्मको कर चुक्ता (Tax Clearance) वा कर विवरण पेश गरेको कागजात

घ. वोलपत्र दाताले खरीद कार्यमा भाग लिन अयोग्य नभएको,प्रस्तावीत खरीद कार्यमा आफ्नो स्वार्थनवाभिएको र सम्वन्धित पेसा व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणको सक्कल प्रति ।

४. वोलपत्र/दरभाउपत्र फाराममा दररेट अंक र अक्षर दुबैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५.रीत नपुगी वा बोलपत्रको सूचनामा निर्धारित समय नाघि पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

६.प्राप्त वोलपत्र/दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकार गर्ने सम्पूर्ण अधिकार यस अदालतमा रहनेछ ।

७.दर्ता भएका वोलपत्र/दरभाउपत्रहरुमा बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको स्पेशिफिकेशन बमोजिम भए नभएको परिक्षणमा ग्राह्य भएका बोलपत्रहरुबाट मात्र छनोट गरिनेछ ।

८ यस सुचनामा र बोलपत्रको शर्तमा कुनै कुरा बांझिन गएमा बोलपत्र फारामको सर्तलाइ मान्यता दिइनेछ ।

९.वोलपत्र/दरभाउपत्रसाथ पेश गरिने कागजातहरु सक्कलै प्रति वा प्रतिलिपि भएमा नोटरी पव्लिकबाट प्रमाणित गरी पेश गर्नुपर्नेछ

१०. वोलपत्र/दरभाउपत्रदाता फर्मको नेपालमानै Maintenance Lab समेत भएको हुनुपर्नेछ ।

११. वोलपत्र/दरभाउपत्र सम्वन्धी सूचना यस अदालतको वेभसाइट www.supremecourt.gov.np मा पनि हेर्न सकिन्छ।

१२.यस सम्बन्धी थप बुझ्नु परेमा यस अदालतको आर्थिक प्रशासन शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

१३.यस सूचनामा उल्लेख नभएका विषयमा सार्बजनिक खरिद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

**तपशिल**

| सुचना नं | सप्लाइ गर्नु पर्ने सामान | संख्या | फारम दस्तुर | न्यूनतम जमानत रु. | कैफियत |
|---|---|---|---|---|---|
| १५ । २०६८/६९ | Generator 350KVA | १ थान | ३०००।०० | २११०००।०० | वोलपत्र |
| १६ । २०६८/६९ | Generator 26KVA | १ थान | १०००।०० | ४७०००।०० | वोलपत्र |
| १७ । २०६८/६९ | Single Colour sheet fed Offset printing, press machine | १ सेट | १०००।०० | ६८०००।०० | वोलपत्र |
| १८ । २०६८/६९ | single clamp perfect book binder | १ सेट | १०००।०० | ३२०००।०० | वोलपत्र |
| १९ । २०६८/६९ | printing Down instant Start metal halide plate exposures | १ सेट | ३००।०० | ११०००।०० | दरभाउपत्र |